### उपाध्यक्ष देवी भण्डारीबाट पेश गरिएको बजेट मन्तव्य

भैरबी गाउँपालिकाको यस सत्रौं गाउँ सभाका सभाध्यक्ष एबं भैरबी गाउँपालिकाका अध्यक्षज्यु, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, सम्पूर्ण अतिथिज्यूहरु, गाउँपालिका स्थित राजनीतिक दलका प्रमुखज्यूहरु, सम्पूर्ण वडाअध्यज्युहरु, कार्यपालिका सदस्यहरु र गाउँसभाका सदस्यज्युहरु प्रमुख प्रशासकीय अधिकृतज्यु लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरु र अन्य उपस्थित महानुभावहरु यस भैरबी गाउँपालिकाको सत्रौं गाउँ सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्तताका बाबजुद उपस्थित हुनु भएकोमा हार्दिक स्वागत एवं अभिवादन गर्न चाहन्छु ।

नेपाली जनताको अथक प्रयत्न, लामो संघर्ष र वलिदानवाट कुनै पनि राष्ट्रको राजनीतिक जीवनमा विरलै आउने युगान्तकारी परिवर्तन र उपलव्धि स्वरुप स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा जारी भएको नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाका आधारमा हाल हामी स्थानीय तहको दोश्रो कार्यकालको अवधीमा छौं । भैरबी बासी आम समुदायको आर्थिक समुन्नति, सम्बृद्धि र विकास सहितको सहज जीवनयापनको चाहनालाई पुरा गर्ने दायित्व भैरबी गाउँपालिकाको अग्रसरतामा पुरा गर्न लक्ष्य लिएका छौं । तसर्थ भैरबी गाउँपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक गरीसकेका छौ । अब म भैरबी गाउँपालिकामा आर्थिक बर्ष २०८२।०८३ मा प्राप्त हुने बजेटको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

| सि.नं. | शिर्षक | रकम रु | |
|---|---|---|---|
| १ | समानीकरण अनुदान | | |
| १.१ | न्युनतम अनुदान चालु | ३५०००००० | तीन करोड पसास लाख |
| १.२ | सुत्रमा आधारित अनुदान चालु | ४९६००००० | चार करोड छयानब्बे लाख |
| १.३ | कार्यसम्पादनमा आधारित अनुदान चालु | २७००००० | सत्ताइस लाख |
| २ | ससर्त अनुदान | १८४७००००० | अठार करोड सतचालिस लाख |
| ३ | विशेष अनुदान | ९३००००० | त्रियानब्बे लाख |
| ४ | समपुरक अनुदान | १४०००००० | एक करोड चालिस लाख |
| ५ | संघीय सरकार राजश्व बांडफांड क | ६६२०६३१९ | छ करोड बैसठ्ठी लाख छ हजार तीन सय उन्नाईस |
| ६ | संघीय सरकार राजश्व बांडफांड ख | २२०६८७७३ | दुई करोड वीस लाख अठ्सठ्ठी हजार सात सय त्रिहत्तर |
| ७ | प्रदेश सरकार राजश्व बांडफांड | १८२१९३४ | अठार लाख एक्काईस हजार नौ सय चौतीस |
| ८ | प्रदेश सरकार समानीकरण अनुदान | ११०३६००० | एक करोड दश लाख छत्तीस हजार |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | ३३३३८००० | तीन करोड तेत्तीस लाख अठ्तीस हजार |
| १० | प्रदेश विशेष अनुदान | ५८००००० | अठाउन्न लाख |
| ११ | प्रदेश सरकार समपुरक | १६५००००० | एक करोड पैसठ्ठी लाख |
| १२ | आन्तरिक राजश्व अनुमान | ७२००००० | बहत्तर लाख |
| १३ | अल्या | १७०१८९७४ | एक करोड सत्तरी लाख अठार हजार नौ सय चौहत्तर |
| १४ | विभिन्न संघसंस्थाहरुको | २३७००००० | दुइ करौड सैतीस लाख |
| | कूल जम्मा | ४९९९९०००० | उन्चास करोड उनान्सय लाख नब्बे हजार |

अन्तमा यस गरिमामय सत्रौं गाउँ सभामा पेश भएका नीति तथा कार्यक्रम अनुसार गाउँ सभाको बन्द सत्रबाट माथी उल्लेखीत बजेट बाडफांड गरीनेछ । हाम्रो निमन्त्रणालाइ स्वीकार गरी उपस्थित हुनुहुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथि र समग्र उपस्थित महानुभावहरुमा पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै मेरो भनाई यही अन्त्य गर्ने अनुमति चाहान्छु ।

धन्यवाद

देबी भण्डारी
उपाध्यक्ष
**भैरवी गाउँपलिका दैलेख**